**आकाशवाणी समाचार- नेपाली**
**मितिः १३ अक्तूबर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले छवटा राज्यका लागि राज्यपालहरू नियुक्त गर्नुभएको छ।

२. भारतले आज नयाँ दिल्लीमा बिम्स्टेकका गृहमन्त्रीहरूको पहिलो बैठक आयोजना गर्दैछ। बैठकमा आतंकवाद, अन्तरदेशीय संगठित अपराध, लागुऔषध, गैरकानुनी वित्तीय कारोबार र साइबर सुरक्षा चुनौतीजस्ता विषयहरूमा छलफल हुनेछ।

३. वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले नयाँ सोच, नवीनता र स्पष्ट उद्देश्यबाट प्रेरित भई भारतको विकास यात्रामा देशका युवाहरूले सक्रिय सहभागिता जनाउनुपर्ने बताउनु भएको छ।

४. महाराष्ट्रको चुनाव आयोगले ड्राफ़्ट मतदाता नामावलीसम्बन्धी दाबी तथा आपत्ति दर्ता गर्ने म्याद २६ अक्टोबरसम्म थप गरेको छ।

५. सरकारले 'राष्ट्रिय इस्पात नीति भिजन २०४७' को मस्यौदा तयार पारेको छ।

**राज्यपाल नियुक्ति**

राष्ट्रपति द्रौपदी मुर्मूले छवटा राज्यका लागि राज्यपालहरू नियुक्त गर्नुभएको छ। हाल सिक्किमका राज्यपाल रहेका ओम प्रकाश माथुर अब केरलाका नयाँ राज्यपाल हुनेछन्। केरलाका राज्यपाल राजेन्द्र विश्वनाथ आर्लेकरलाई तमिलनाडुको राज्यपालमा नियुक्त गरिएको छ। ब्रज मोहन रामलाई ओडिसाको राज्यपालमा नियुक्त गरिएको छ भने डा. सुधा यादवले कर्नाटकको राज्यपालका रूपमा कार्यभार सम्हाल्नु हुनेछ। डा. ढल सिंह बिसेनलाई उत्तराखण्डको राज्यपालमा नियुक्त गरिएको छ र दुष्यन्त गौतम सिक्किमका नयाँ राज्यपाल हुनेछन्। यी सबै नियुक्तिहरू सम्बन्धित व्यक्तिहरूले पदभार ग्रहण गरेको समयदेखि लागू हुनेछन्।

**सरस मेला - विजयवाडा**

ग्रामीण विकास मन्त्रालयले आजदेखि विजयवाडामा राष्ट्रिय सरस मेला २०२६ आयोजना गर्ने भएको छ। विजयवाडामा पहिलो पटक आयोजना हुन लागेको राष्ट्रिय सरस मेला ग्रामीण गरीबी उन्मूलन सोसायटी र आन्ध्र प्रदेश सरकारको सहयोगमा आयोजना हुनेछ। देशका ३० भन्दा बढी राज्य र केन्द्र शासित प्रदेशका स्व-सहायता समूहसँग सम्बन्धित १५ सयभन्दा बढी महिला उद्यमीहरू यसमा सहभागी हुनेछन्। जसका कारण ग्रामीण उद्यम, परम्परागत शिल्प, क्षेत्रीय परिकार र उद्यमशीलताको संगम हुनेछ । राष्ट्रपति द्रौपदी मुर्मुले यसको उद्घाटन गर्नु हुनेछ। मेला यही महिनाको ३१ तारिखसम्म चल्नेछ।

**बिम्स्टेक – दिल्ली**

भारतले आज नयाँ दिल्लीमा बिम्स्टेकका गृहमन्त्रीहरूको पहिलो बैठक आयोजना गर्दैछ। यस बैठकमा आतंकवाद, अन्तरदेशीय संगठित अपराध, लागुऔषध, अतिवाद, मानव तथा अन्य अवैध ओसारपसार, गैरकानुनी वित्तीय कारोबार र साइबर सुरक्षा चुनौतीजस्ता विषयहरूमा छलफल हुनेछ। सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुँदै गृहमन्त्री अमित शाहले यो बैठकले आतंकवाद र संगठित अपराधजस्ता चुनौतीहरूको सामना गर्न बिम्स्टेक देशहरूको साझा प्रतिबद्धतालाई झल्काउने बताउनु भएको छ। उहाँले आपसी समन्वयमार्फत बिम्स्टेक क्षेत्रलाई अझ सुरक्षित र बलियो बनाउन सबै सदस्य देशहरू प्रतिबद्ध रहेको पनि उल्लेख गर्नु भयो।

'बे अफ बंगाल इनिसिएटिभ फर मल्टि-सेक्टरल टेक्निकल एण्ड इकोनोमिक कोअपरेसन' बिम्स्टेक (बंगालको खाड़ी बहु-क्षेत्रीय तकनीकी र आर्थिक सहयोग पहल-बिम्सटेक) बंगलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलंका र थाइल्याण्ड सम्मिलित एक क्षेत्रीय संगठन हो। यसको उद्देश्य बंगालको खाडीसँग जोडिएका र त्यस वरपरका क्षेत्रका देशहरूबीच आर्थिक तथा प्राविधिक सहयोग प्रवर्द्धन गर्नु हो। दुई दिनसम्म चल्ने यस बैठकमा बंगलादेशका गृहमन्त्री असदुज्जमान खान उपस्थित हुने छैनन्| उहाँको सट्टा गृह मामिलाका वरिष्ठ सचिव मन्जुर मोर्शेद चौधरीको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले सहभागिता जनाउनेछ।

**दिल्ली संवाद – पीयूष गोयल**

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले नयाँ सोच, नवीनता र स्पष्ट उद्देश्यबाट प्रेरित भई भारतको विकास यात्रामा देशका युवाहरूले सक्रिय सहभागिता जनाउनुपर्ने बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा आयोजित 'दिल्ली संवाद-२०२६' लाई सम्बोधन गर्नु हुँदै केन्द्रीय मन्त्री श्री गोयलले भारतको प्रगति तथा कठिनाइले भरिएको विश्व परिवेशमा पनि विभिन्न चुनौतीहरूको सामना गर्न भारतले देखाएको दृढतामाथि प्रकाश पार्नु भयो। उहाँले १ अरब ४० करोड जनसंख्या भएको भारतले आफ्नो युवा शक्तिको बलमा अपार सामर्थ्य प्राप्त गरिरहेको उल्लेख गर्नु भयो। धेरैजसो देशहरू बढ्दो वृद्ध जनसंख्याको समस्यासँग जुधिरहेको बेला भारतको मध्यक उमेर ३० वर्षभन्दा कम छ|

मन्त्री श्री गोयलले सन् २०४७ सम्ममा भारतको अर्थतन्त्र ३० ट्रिलियन डलरको विन्दुमा पुग्ने विश्वास व्यक्त गर्नु भयो।

**जेपीसी बैठक**

विदेशी अंशदान (विनियमन) संशोधन विधेयक, 2026 को समीक्षा गर्न गठित संयुक्त संसदीय समिति जेपीसीको बैठक हिजो नयाँ दिल्लीस्थित संसद भवन परिसरमा सम्पन्न भयो। समितिले उक्त विधेयकका प्रावधानहरूको समीक्षा गरियो र सन् २०२६ को शीतकालीन अधिवेशनको पहिलो साताको अन्तिम दिनसम्म संसदमा आफ्नो प्रतिवेदन पेस गर्नेछ। लोक सभाका सांसद सञ्जय जैसवालको अध्यक्षतामा रहेको यस समिति समक्ष सरोकारवालाहरूले आफ्ना विचार तथा सुझावहरू प्रस्तुत गर्नु भयो। यसमा 'इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डिया', 'क्याथोलिक बिशप्स कन्फरेन्स अफ इन्डिया', 'अल इन्डिया क्रिश्चियन काउन्सिल' र 'सेन्टर फर एडभान्समेन्ट अफ फिलान्थ्रोपी' का प्रतिनिधिहरू समावेश थिए। श्री सञ्जय जैसवालले सञ्चारमाध्यमलाई जानकारी दिनु भए अनुसार समितिले उपस्थित सबैका विचारहरू सुन्यो र ती बुँदाहरूमाथि गहन छलफल गर्नेछ।

**बाइट**

**डेडलाइन - वोटर लिस्ट**

महाराष्ट्रको चुनाव आयोगले ड्राफ़्ट मतदाता नामावलीसम्बन्धी दाबी तथा आपत्ति दर्ता गर्ने म्याद २६ अक्टोबरसम्म थप गरेको छ। मस्यौदा मतदाता नामावली ३१ अगस्टमा सार्वजनिक गरिएको थियो। परिमार्जित तालिका अनुसार दाबी तथा आपत्तिको कारबाही १० नोभेम्बरसम्ममा सम्पन्न हुनेछ भने अन्तिम मतदाता नामावली १६ नोभेम्बरमा प्रकाशित गरिनेछ। मुख्य निर्वाचन अधिकारीले योग्य नागरिक तथा सम्भावित मतदाताहरूलाई यो थपिएको समयको सदुपयोग गर्दै नाम दर्ता गर्न, विद्यमान विवरणहरू संसोधन वा आवश्यक परेमा आपत्तिहरु दर्ता गर्न आग्रह गर्नुभएको छ।

**पञ्जाब - अन्तिम मतदाता नामावली**

विशेष गहन पुनरीक्षण-एसआईआरपछि पञ्जाबका सबै ११७ विधानसभा निर्वाचन क्षेत्रहरूका लागि अन्तिम मतदाता नामावली हिजो सार्वजनिक गरिएको छ। राज्यमा मतदाताहरूको जम्मा संख्या २ करोड १० लाखभन्दा बढी पुगेको छ| यस संख्यामा ५०६ जना तेस्रो लिङ्गी मतदाताहरू पनि समावेश छन्। यसअघि १३ अगस्ट २०२६ मा सार्वजनिक गरिएको मस्यौदा मतदाता नामावलीमा १ करोड ९३ लाख ९४ हजार ४३५ नामहरू समावेश थिए। अन्तिम नामावलीले मतदाता संख्यामा ३.६४ प्रतिशतको वृद्धि देखाएको छ। यी मतदाताहरूले आगामी पञ्जाब विधानसभा चुनावमा आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्। अन्तिम मतदाता नामावली जिल्ला निर्वाचन अधिकारी, निर्वाचन दर्ता अधिकारी र बुथ-स्तरीय अधिकारीहरूको कार्यालयमा उपलब्ध छ।

**छत्तीसगढ – हतियार जफ्त**

छत्तीसगढमा जारी नक्सल-विरोधी अभियानमा सुरक्षा बलले ठूलो सफलता हात पारेको छ। सुकमा जिल्लाको घना जंगलमा नक्सलहरूले लुकाएर राखेका स्वचालित हथियार, जिवित कारतूस र विस्फोटक र ठूलो परिमाणको हतियार भण्डार जफ्त गरिएको छ। आत्मसमर्पण गरेका नक्सलहरूबाट प्राप्त सूचनाका आधारमा जिल्ला पुलिस बल, जिला रिजर्व गार्ड र बस्तर फाइटर्सको संयुक्त टोलीले खोजतलास अभियान सञ्चालन गरी किस्ताराम पुलिस थानाको क्षेत्राधिकारभित्र पर्ने पालाचाल्मा गाउँको पहाडी तथा जङ्गली क्षेत्रमा पूर्ण नियन्त्रण कायम गरेको छ।

**राष्ट्रिय इस्पात नीति – मस्यौदा**

सरकारले 'राष्ट्रिय इस्पात नीति भिजन २०४७' को मस्यौदा तयार पारेको छ। यसले विश्वस्तरमा प्रतिस्पर्धात्मक, प्राविधिक रूपमा उन्नत, पर्यावरण मैत्री र स्रोतको कुशल उपयोग गर्ने इस्पात क्षेत्रको निर्माणका लागि दीर्घकालीन नीतिगत खाका प्रदान गर्दछ। यस नीतिको उद्देश्य विश्वव्यापी इस्पात उद्योगमा भारतको स्थिति सुदृढ पार्दै देशको बढ्दो इस्पातको माग पूरा गर्नु हो। नीतिअनुसार देशको प्रतिव्यक्ति इस्पात खपत ११६ किलोग्रामबाट बढेर ३०२ किलोग्राम पुगेको छ भने भारतको कच्चा इस्पात उत्पादन सन् २०१४-१५ को ८ करोड ९ लाख टनबाट बढेर सन् २०२५-२६ मा १७ करोड टन पुगेको छ। यस नीतिले सन् २०४७ सम्ममा देशको इस्पात निर्यात ४ करोड ५० लाख टनसम्म पुग्ने प्रक्षेपण गरेको छ। भारतले सन् २०४७ सम्ममा आफ्नो कच्चा इस्पात उत्पादन क्षमतालाई झन्डै तीन गुणाले बढाएर ६० करोड ४० लाख टन पुऱ्याउने तथा प्रशोधित इस्पातको माग ५० करोड ५० लाख टनसम्म पुऱ्याउने लक्ष्य राखेको छ।